# बिष्णुपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आर्थिक प्रशासन शाखा
### बिष्णुपुर, सप्तरी
### मधेश प्रदेश, नेपाल

प.स.२०७९।०८०
च.नं. २२८३

मिति : २०८०/०३/०३

---

विषय : भुक्तानी नहुने तथा खाता बन्द हुने सम्बन्धमा ।

श्री आन्तरिक तथा विषयगत शाखा सबै,
श्री वडा कार्यालय (१ देखि ७) सबै,
श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति सबै,
श्री सरोकारवाला निकाय, संघसंस्था, व्यक्ति सबै,
विष्णुपुर गाउँपालिका, सप्तरी ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० उपनियम १ र २ ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै नै भुक्तानी निकासा बन्द गर्नु पर्ने कानुनी प्रावधान रहेको र उक्त समयमा चाप बढी भई सरबर डाउन हुने र सिस्टम पनि नचल्ने अवस्था हुन जाने भएको तथा आसाढ महिनामा कार्यालयले कर दाखिला गर्ने, संघिय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने अनुदानहरु फिर्ता गरी सोको भौचर कोष तथा लेखा नियन्त्रण कार्यालय बुझाउनु पर्ने सम्पूर्ण कारोबारको हिसाब मिलान गरी संघीय सरकार तथा प्रदेश सरकार लगायतको निकायमा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रम लगायत अन्य भुक्तानी हुने कारोबारको मिति २०८०/०३/१२ गते भित्र अनिवार्य रुपमा सम्पूर्ण कार्य सम्पन्न गरी मिति २०८०/०३/१५ गते भित्र आर्थिक प्रशासन शाखामा पेश गरी सम्म भुक्तानी लिन आउनुहुन अनुरोध छ । सो अवधिमा भुक्तानी लिन नआएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

.................................
टेक नारायण यादव
लेखा प्रमुख

.................................
किशोर कुमार राम
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**
श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
श्रीमान् गाउँपालिका उपाध्यक्ष ज्यू,

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा :- अप्लोड गरि दिनु हुन ।